# खानेपानी सरसफाइ तथा स्वच्छता

# कार्यविधि,२०७[illegible]

**पाथीभरा याङ्वरक गाउँपालिका**

**गाउँ कार्यपालिकाको मिति २०७५/०८/१९ को बैठकबाट स्वीकृत**

# पाथीभरा याङ्वरक गाउँपालिका

# खानेपानी सरसफाइ तथा स्वच्छता कार्यविधि, २०७५

## परिच्छेद १

**प्रस्तावना** :

नेपालको सम्विधानले आधारभूत स्तरको खानेपानी र सरसफाई सविधालाई नागरिको आधारभूत अधिकारको रुपमा प्रत्याभूत गरेको छ । हालका दिनमा सरसफाईको दायरा फराकिलो भइ प्रतिष्ठा स्वास्थ्य विकास निर्माण जनजिविका सामाजिक सशक्तिकरण र समद्धिको आधार स्तम्भको रुपमा विस्तारित भई सरसफाईलाई राष्ट्रिय विकासको अभिन्न अङ्गको रुपमा लिन थालिएको छ । यस सन्दर्भमा पूर्ण सरसफाईलाई महत्व दिई कार्यक्रमहरु सञ्चालन गर्न वाञ्छनीय भएकाले ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को अधिकार प्रयोग गरि पाथीभरा याङ्वरक गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

**१ सङ्क्षिप्त नाम र प्रारम्भ** :

क यो कार्यविधिको नामः खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि, २०७५ रहेको छ ।

ख यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२ परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**क**) सरसफाई भन्नाले मानव मलमूत्रको सुरक्षित विसर्जनका लागि सेवा र सुविधाहरुको व्यवस्थालाई सरसफाई भनिन्छ । सरसफाईले फोहोर मैला सङ्कलन र फोहोर मैला र फोहोर पानीको विसर्जन मार्फत स्वच्छता कायम गर्नुलाई बुझाउँछ । जनस्वास्थ्य प्रवर्द्धनका लागि गरिएका विभिन्न स्वस्थकर कृयाकलापहरुको समग्र कार्य नै सफाइ हो भन्ने बझाउने छ ।

**ख**) स्वच्छता भन्नाले आफू र वरिपरिको वातावरण सफा गरी रोगको विस्तार रोक्नु र बिरामी हुनबाट बच्न अपनाइने सम्पूर्ण व्यवहारहरु हुन् । स्वच्छताले व्यक्ति र समुदायको स्वस्थ आनीबानी समेतलाई जनाउँछ ।

**ग**) सफा र स्वच्छ अवस्था भन्नाले सफा र स्वच्छ चरणका सूचकहरु पुरा गरे पछि सम्बन्धित समितिबाट अनुमोदन गराउनु पर्छ । अनुमोदन र प्रमाणिकरण भएको अवस्थालाई सफा र स्वच्छ अवस्था भनिन्छ ।

**घ**) पूर्ण सरसफाई उन्मुख अवस्था यस कार्यविधिमा उल्लेखित सफा र स्वच्छ पूर्ण सरसफाई उन्मुख दुवै चरणका सूचकहरु पुरा गरे पछि सम्बन्धित समितिबाट अनुमोदन भएको अवस्थालाई जनाउँछ ।

**ङ**) सार्वजनिक शौचालय भन्नाले सार्वजनिक स्थानमा हिंडडुल गर्ने जो कोही व्यक्तिले प्रयोग गर्न सक्ने प्रयोग कर्ता मैत्री शौचालयलाई बुझाउँछ ।

**च**) संस्थागत शौचालय भन्नाले विद्यालय कार्यालय स्वास्थ्य सस्था जस्ता सार्वजनिक निकायहरुमा निर्माण गरिएका प्रयोग कर्ता मैत्री शौचालयलाई बुझाउँछ ।

छ) सामाजिक समावेशीकरण भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको योजना तर्जुमा, निर्णय प्रकृया र सेवा सुविधामा पहुँच रहेको अवस्था बुझाउँछ ।

ज) विपद् व्यवस्थापन भन्नाले बाढी पहिरो आगलागि, भूकम्प, भू क्षय र रोग व्याधि जन्य माहामारी जस्ता प्राकृतिक एवम् मानव सृजित विपद् सम्बन्धि पूर्व तयारी उद्दार पुनर्लाभ पुनर्स्थापना र पुनर्निमाण व्यवस्थापनको समष्टिगत व्यवस्थालाई बुझाउँछ ।

झ) प्रयोग कर्ता मैत्री खानेपानी सरसफाई र स्वच्छताका सुविधाहरु भन्नाले शारीरिक रुपले असक्षम र अपाङ्गता भएका बालबालिका तथा ज्येष्ठ नागरिक आदि सबैलाई प्रयोग गर्न सजिलो हुने प्रयोग कर्ता मैत्री सुविधाहरुलाई बुझाउँछ ।

ञ) बानी र व्यवहार विकास भन्नाले शौचालयको प्रयोग साबुन पानीले हात धुने महिलाको महिनावारी व्यवस्थापन लगायत अन्य सरसफाइ र स्वच्छता सम्बन्धि आनीबानीको निरन्तर प्रकृयालाई बुझाउँछ ।

ट) दिगो सरसफाइ भन्नाले स्वचालित र नियमित रुपमा सञ्चालित सरसफाइलाई बुझाउँछ ।

ठ) सुरक्षित पानी भन्नाले मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक जैविक र रसायनिक पदार्थहरु नरहेको पानीलाई बुझाउँछ ।

ड) सरोकारवाला भन्नाले सरकारी, गैरसरकारी कार्यालय तथा निकाय, राजनीतिक दल, विद्यालय, सहकारी, निजी क्षेत्र नागरिक समाज सञ्चार क्षेत्र उपभोक्ता समितिहरु लगायतका सरोकार वालाहरुलाई बुझाउँछ ।

## परिच्छेद २

**३) गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समिति** :

१) पाथीभरा याङ्वरक गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समितिको गठन देहाय बमोजिम हुनेछ :

क) गाउँपालिका अध्यक्ष : सयोजक

ख) गाउँपालिका उपाध्यक्ष : सदस्य

ग) संयोजक वन वातावतण तथा विपद् व्यवस्थापन समिति : सदस्य

घ) गाउँपालिका क्षेत्र भित्रका सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरु : सदस्य

ङ) खानेपानी उपभोक्ता समिति मध्येबाट समितिले तोकेको १ जना : सदस्य

च) स्वास्थ्य र सरसफाई फोहोर मैलाको क्षेत्रमा काम गर्ने गैसस मध्येबाट समितिले तोकेको १ महिला सहित २ जना : सदस्य

छ) प्रमुख प्रशासकीय अधिकृत : सदस्य

ज) प्रमुख सामाजिक विकास शाखा : सदस्य

झ) प्रमुख योजना शाखा : सदस्य

ञ) प्रमुख वातावरण तथा विपद् व्यवस्थापन शाखा : सदस्य सचिव

२) खुल्ला दिशा मुक्त अभियानको निरन्तरता र दिगोपना र पूर्ण सरसफाई अभियान कार्यान्वयनका लागि समितिले वडा स्तरीय समितिलाई समेत प्राविधिक सहयोग गर्न आवश्यकता अनुसार कार्यदल गठन गरि परिचालन गर्न सक्नेछ ।

**३) गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको काम कर्तव्य र अधिकार :**

क) पाथीभरा याङ्वरक गाउँपालिकालाई खुला दिसा मुक्तको अवस्था दिगो बनाउने ।

ख) पूर्ण सरसफाई सुनिश्चितता गर्ने त्यसका लागि अनुसूचि १ र २ का सूचक पुरा गर्नु पर्ने ।

ग) पाथीभरा याङ्वरक क्षेत्र भित्र रहेका स्वास्थ्य सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरु बीच समन्वय गर्ने ।

घ) स्वास्थ्य सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने संस्थाहरुको श्रोत र साधनलाई एकिकृत परिचालन गर्ने व्यवस्था मिलाउने ।

ङ) पूर्ण सरसफाई र स्वच्छता सम्बन्धि बानी व्यवहार विकास गर्न अभियान सचालन गर्ने ।

च) पूर्ण सरसफाई फोहोरमैला व्यवस्थापनका लागि वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समितिलाई आवश्यक सहयोग गर्ने व्यवस्था मिलाउने ।

छ) खानेपानी सरसफाई तथा स्वच्छता कोषको व्यवस्थापन गर्ने ।

**४) वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समिति :**

पाथीभरा याङ्वरक गाउँपालिकाको प्रत्येक वडामा वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति देहाय बमोजिम गठन हुनेछ ।

क) वडा अध्यक्ष : सयोजक

ख) सम्बन्धित वडाबाट प्रतिनिधित्व गर्ने गाउँ कार्यपालिकाका सदस्य: सदस्य

ग) वडा समितिका सदस्यहरु :सदस्य

घ) वडाका स्वास्थ्य सस्थाका प्रमुख : सदस्य

ङ) स्वास्थ्य सरसफाई र फोहोरमैलाको क्षेत्रमा काम गर्ने सस्था मध्ये समितिले तोकेको १ महिला सहित् ३ जना : सदस्य

च) वडा सचिव : सदस्य सचिव

**५) वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :**

क) वडालाई खुला दिसामुक्त अवस्थालाई दिगो बनाउने ।

ख) पूर्ण सरसफाई सुनिश्चत गर्ने ।

ग) वडामा गठन भएका टोल विकास सस्थाहरुलाई वडाको खुल्ला दिसामुक्त र पूर्ण सरसफाई अभियानमा परिचालन गर्ने ।

घ) वडा भित्र रहेका स्वास्थ्य सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने सस्थाहरु बीच समन्वय गर्ने ।

ङ) वडा स्तरमा स्वास्थ्य सरसफाई र फोहोरमैला व्यवस्थापनका क्षेत्रमा काम गर्ने सस्थाहरुके श्रोत र साधनलाई एकीकृत रुपमा परिचालन गर्ने व्यवस्था मिलाउने ।

च) वडा स्तरमा पूर्ण सरसफाई र स्वच्छता सम्बन्धि बानी व्यवहार विकास गर्न कृयाकलाप सञ्चालन गर्ने ।

छ) गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समितिबाट प्राप्त निर्देशनहरु कार्यान्वयन र आवश्यक समन्वय गर्ने ।

**६) समितिको बैठक**

क) बैठकका लागि ५१ प्रतिशत सदस्यके उपस्थितिलाई गणपुरक सख्या मानिनेछ ।

ख) ब्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

ग) समितिका पदाधिकारीले बैठक बसेको गाउँपालिकाले तोकेबमोजिमको बैठक भत्ता पाउने छन् ।

घ) दफा ३ (१) र दफा ५ बमोजिमको गठित समितिको बैठक सम्बन्धि व्यवस्था माथि उल्लेखित उपदफा क ख ग बमोजिम हुनेछ ।

# परिच्छेद ३

**७) कोषको अवस्था**

यस कार्यविधिको अधिनमा रही खानेपानी सरसफाई तथा स्वच्छता समन्वय कोष को स्थापना गरिने छ । सो कोषमा देहाय बमोजिमको रकम हुनेछ ।

क) सघीय सरकारबाट प्राप्त हुने रकम ।

ख) प्रदेश सरकारबाट प्राप्त हुने रकम ।

ग) गाउँसभाबाट कोषमा प्राप्त हुने रकम ।

घ) दातृ मुलुक दातृ सस्था अन्तर्राष्ट्रिय राष्ट्रिय र स्थानीय गैर सरकारी सस्थाबाट कोषको नाममा सोझै प्राप्त भएको रकम ।

ङ) कोषलाई अन्य कुनै श्रोतबाट प्राप्त हुने रकम ।

**८) कोषको सञ्चालन** :

क) कोषको रकम समितिबाट गाउँ क्षेत्र भित्रका जुनसुकै बैकमा खाता खोली जम्मा र सञ्चालन गरिनेछ ।

ख) गाउँपालिका क्षेत्रलाई प्लाष्टिक झोला मुक्त गाउँ बनाउने अभियान सञ्चालन गर्ने ।

ग) पूर्ण सरसफाई र फोहोर मैला व्यवस्थापन गर्ने कार्यमा सलग्न साझेदार सस्थाहरुसँग साझेदारी गर्ने ।

घ) विपद्को कारणबाट भएको फोहोर मैला तथा प्रदुषणको विसर्जन गर्ने ।

ङ) फोहोर मैला व्यवस्थापन र पूर्ण सरसफाई ब्यवस्थापनका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

च) कोषको रकम फोहोर मैला व्यवस्थापन र पूर्ण सरसफाई बाहेकका कार्यमा खर्च गर्न पाइने छैन ।

**९) लेखापरीक्षण**

क) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

ख) कोषको आन्तरिक लेखा परीक्षण आन्तरिक लेखा परिक्षण शाखाबाट र अन्तिम लेखा परिक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

# परिच्छेद ४

## १०) अनुगमन मुल्याङ्कन र प्रतिवेदन

कार्यक्रमको प्रभावकारी कार्यान्वयन गुणात्मक उपलब्धी र दिगोपनाका लागि निरन्तर अनुगमन मूल्याङ्कन र प्रतिवेदन तयारी गर्ने कार्यलाई सस्थागत गरिनेछ । कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि घरायसी तथा संस्थागत तहमा समेत अनुगमन र मूल्याङ्कन गर्नु पर्नेछ । अनुगमनका नीतिगत पक्ष कार्यान्वयन विधि बाधा अवरोध चूनौति अवसर कार्य कुशलता प्रभावकारिता तथा प्राविधिक पक्ष लगायतका विषयहरुमा केन्द्रित रहने छ । अनुगमन मूल्याङ्कन कार्य अनुसूचि २ बमोजिम हुनेछ ।

## ११) पुरस्कार सम्मान र कदर

गाउँपालिका क्षेत्रको विभिन्न तहमा पूर्ण सरसफाई अभियान सञ्चालनमा विशेष योगदान पुर्याउने व्यक्ति समूह र संस्था आदिलाई सम्मान एवं पुरस्कृत गर्न सकिनेछ ।

**१२) संशोधनः** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१३) बचाउ तथा खारेजीः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु स्थानीय सरकार सञ्चालन ऐन २०७४ सँग बाझिएको हद सम्म स्वत अमान्य हुनेछ ।

# अनुसूचि १

**१), सफा तथा स्वच्छ क्षेत्रः**

**क**) दफा ३ (१) र दफा (५) बमोजिम गठित समितिहरुलाई सकृय गरिनेछ ।

**ख**) समन्वय समिति र सरोकारवालाहरुको सहभागितामा खुला दिसामुक्त क्षेत्र घोषणाको पुनरावलोकन एवम् त्यस पछि सञ्चालन गरिने कृयाकलापहरुलाई सहयोग गर्न कार्यदल गठन गरिनेछ ।

**ग**) सरोकारवालाहरुको सहभागिता र सकृयतामा गाउँपालिका र वडा स्तरीय सरसफाई स्वच्छता योजना तर्जुमा गरिनेछ ।

**घ**) गाउँपालिका केन्द्र देखि वडा र टोल तहमा खानेपानी सरसफाई स्वच्छता सम्बन्धी मानव संशाधन विकासका लागि क्षमता विकास तालिम तथा अभिमुखीकरण गोष्ठीहरु आयोजना गरिनेछ ।

**ङ**) खानेपानी सरसफाई तथा स्वच्छतासँग सम्बन्धित विभिन्न विषयहरु चर्पीको समुचित प्रयोग व्यक्तिगत सरसफाइ न्यूनतम आवश्यक तथा सुरक्षित पानीमा पहुँच तथा प्रयोग सुरक्षित खानाको प्रयोग सफा र स्वच्छ घर विद्यालय स्वास्थ्य संस्था एवम् कार्यालय ठोस तथा तरल फोहोरको व्यवस्थापन ढल तथा मानव मलमुत्रीय फोहोर व्यवस्थापन वातावरणीय सरसफाई आदिका विषयमा आम सञ्चारको प्रयोग अनुशिक्षण गोष्ठि तथा घर दैलो कार्यक्रम मार्फत जनचेतनामूलक कृयाकलाप सञ्चालन गरिनेछ ।

**च**) खानेपानी सरसफाई तथा स्वच्छता प्रबर्दनको व्यापक प्रचार प्रशार गर्नका लागि स्थानीय परिवेश र भाषा अनुरुप सूचना शिक्षा र सञ्चार सामाग्रीहरुको विकास र वितरण गरिनेछ ।

**छ**) खानेपानी सरसफाई तथा स्वच्छता सामाग्रीहरुको ग्रामिण क्षेत्र सम्म पहुँच विस्तार गर्न नीजि क्षेत्रसँग सहकार्य गरिनेछ ।

**ज**) सबै घरधूरीमा चर्पी एवम् संस्थागत निकाय र आवश्यकता अनुसार सार्वजनिक स्थानमा शौचालयहरुको निर्माण गरी चर्पीमा सबैको पहुँच र साबुन पानी सहितको प्रयोगको सुनिश्चितता गरिनेछ ।

**झ**) आवश्यकता अनुसार सबै सार्वजनिक बजार राजमार्ग धार्मिक तथा पर्यटकीय स्थल लगायत तथा संस्थागत शौचालयहरु प्रयोगकर्ता मैत्री वातावरण मैत्री बालमैत्री लैङ्गिक मैत्री अपाङ्गता मैत्री बृद्ध मैत्री बनाइनेछ ।

**ञ**) घरधूरी स्थानीय सघ संस्था क्लब समूह समिति आदि मार्फत घरायसी चर्पी संस्थागत तथा सार्वजनिक शौचालयहरुको नियमित मर्मत सम्भार र स्तरोन्नति गरी स्वच्छता कायम गरिनेछ ।बालबालिकाको दिसालाई सुरक्षित विसर्जन गरिनेछ ।

**ट**) व्यक्तिगत स्वच्छता एवम् साबुन पानीले हात धुने व्यवहारको विकासका लागि घर संस्थागत निकाय सार्वजनिक शौचालय होटेल क्यान्टिन आदिमा साबुन पानी सहित हात धुने स्थानको निर्माण सम्बन्धित जिम्मेवार पक्षले गर्नु पर्नेछ ।

**ठ**) महिलाहरुको मासिक धर्मलाई प्राकृतिक प्रकृयाका रुपमा लिदै यसको स्वच्छता र व्यवस्थापनको लागि घरायसी विद्यालय तथा सस्थागत निकायमा मासिक धर्म स्वच्छता व्यवस्थापनका लागि स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाई एवम् सुरक्षित विसर्जन सम्बन्धि ज्ञानको प्रचार प्रसार गरिनेछ । समुदाय विद्यालय

संस्थागत निकाय तथा सार्वजनिक शौचालयहरुमा स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवम् विसर्जन गर्ने वैज्ञानिक व्यवस्था गरिनेछ ।

**ड**) सरोकार वालाहरुसँग समन्वय र सहकार्यमा सबै घरधूरी संस्थागत निकाय सार्वजनिक स्थानहरुमा खानेपानी आयोजना निर्माण तथा पुनर्स्थापना र मर्मत सम्भार गरी आधारभूत स्तरको खानेपानीको पहुँच सुनिश्चित गरिने छ ।

**ढ**) सुरक्षित खानेपानीमा अपाङ्गता भएका व्यक्तिहरु समेत सबैको पहुँच सनिश्चित गरि खानेपानी आयोजना र यसका स्रोतहरु मुहान इनार ह्याण्ड पम्प कुवा बर्षातको पानी संकलन ट्याङ्की आदिको सरक्षण गरी सरसफाई र स्वच्छताका विभिन्न वैज्ञानिक उपायहरु अबलम्बन गरि कायम गरिनेछ ।

**ण**) घरायसी सस्थागत तथा सार्वजनिक स्थानहरुमा पानीको सुरक्षित व्यवस्थापनका लागि ज्ञान सीप अभ्यास सम्बन्धी जनचेतना अभिवृद्दि गरिनेछ । निजी क्षेत्रसँगको सहकार्यमा घरायसी सस्थागत सामुदायिक स्तरमा पानी प्रशोधन शुद्दिकरण सम्बन्धि सामाग्रीहरुको बजारीकरण गरि कुनै विधि फिल्टर सोडिस उमाल्ने क्लोरिनेशन वा अन्य को छनौट गर्ने अवसर उपलब्ध गराइनेछ ।

**त**) समुदाय परिचालन र आम सञ्चार क्षेत्रद्वारा घरायसी तहमा खाना प्रयोग सम्बन्धि सुरक्षित व्यवहार जस्तै खाना राम्ररी पकाएर खाने बासी खाना नखाने खाएमा आवश्यक तापक्रम तथा शुद्धता गरि खाने फलफूल तथा काँचै खाने खाद्यान्न राम्ररी धोएर सफा गरी खाने आदि बानी व्यवहारको विकास गरिनेछ ।

**थ**) सम्बन्धित सरकारी गैर सरकारी संस्था उपभोक्ता सस्था नागरिक समाज आदिको सयुक्त टोली मार्फत सस्था विद्यालय होटल रेस्टुरा क्यान्टिन होस्टेल आदिमा प्रयोग हुने खाना खाना पकाउने तथा खानेभाँडाको सफाइ र स्वच्छता कायम गर्नका लागि प्रभावकारी अनुगमन गरिनेछ ।

**द**) घरायसी एवं संस्थागत तहमा महिला स्वास्थ्य स्वयंसेविका सामुदायिक परिचालक एवं पूर्ण सरसफाई स्वयं सेवकहरु मार्फत घरायसी सरसफाईके महत्व घर तथा संस्था भित्र बाहिर सरसफाई भान्सा तथा गोठको सरसफाई पशुपंक्षीको व्यवस्थापन ठोस फोहोर संकलन वर्गीकरण त्यसको पुन प्रयोग जस्ता कार्यहरु गर्न प्रोत्साहन गरिनेछ ।

**ध**) घरायसी तथा संस्थागत निकायबाट निस्कासन भएको फोहोर पानीको व्यवस्थापन तथा प्रयोग सम्बन्धी ज्ञान सीप सम्बन्धमा प्रशिक्षण तथा अभिमुखीकरण र प्रचार प्रसार गरिनेछ ।

**न**) निजी तथा सहकारी क्षेत्रसँगको सहकार्य र समन्वयमा घरायसी सामुदायिक तथा संस्थागत तहमा ठोस कुहिने र नकुहिने तथा तरल फोहोर व्यवस्थापनका लागि स्थानीय परिवेशमा उपयुक्त हुने प्रविधिको सिफारिस गर्नुका साथै आवश्यकता अनुसार निर्माण व्यवस्थापन र संचालन गरिनेछ ।

**प**) घर संस्था कार्यालय समुदाय सार्वजनिक स्थान आदिमा रहेको शौचालय खाल्डो सेप्टिक ट्याङ्की भरिए पछि त्यहाँको मानव मलमुत्रीय फोहोरको उपचार गरी सुरक्षित स्थानमा विसर्जन गर्न स्थानीय स्तरमा संचालन गर्न सकिने प्रविधिको बजारीकरण गरी प्रयोग र संचालनमा ल्याइनेछ ।

**फ**) टोल विकास संस्था क्लब समिति आदिद्वारा सामुदायिक तथा सार्वजनिक सम्पत्ति गाउँ नगर टोल बाटोघाटो चौतारा पाटीपौवा आदीको सरसफाई गरी सामुदायिक स्वच्छता प्रवर्दनमा सघाउ पुर्याइनेछ ।

ब) गाउँपालिकाको बजार बजार उन्मुख एवं गाउँ क्षेत्रमा ठोस फोहोरमैलाको उचित संकलन वर्गीकरण ढुवानी प्रशोधन पुनः प्रयोग र अन्तिम निस्कासनको एकीकृत व्यवस्थापनका लागि स्यानीटरी ल्याण्डफिल्ड साइटको निर्माण गर्न पहल गरिनेछ ।

भ) अस्पताल उद्योग धन्दा तथा कलकारखानबाट निस्कने ठोस तथा तरल फोहोर सोही हाताभित्र सुरक्षित स्थानमा नेपाल सरकारले तोकेको मापदण्ड अनुसार व्यवस्थापन गरी अन्तिम विसर्जनका लागि हाताबाहिर निस्कासन गर्न दिइनेछ ।

म) गाउँ क्षेत्रका घरायसी संस्थागत सार्वजनिक स्थानलाई ध्यानमा राखी व्यवस्थित ढल प्रणालीको निर्माण गर्नका लागि योजना तर्जुमा गरिनेछ ।

य) दीर्घकालीन रुपमा गाउँ केन्द्र तथा गाउँ क्षेत्रमा बधशालाहरुको निर्माण बधशालाको सरसफाई गर्ने कार्य योजना बनाई तत्कालिन अवस्थामा गाउँ र बजार क्षेत्रमा संचालित फ्रेसहाउस र त्यसबाट निस्कने फोहोरको व्यवस्थापन गर्न सम्बन्धित व्यवसायीहरुलाई नै गर्न लगाइनेछ ।

र जोखिम युक्त समुदाय पहिचान गर्ने आधारहरु पहिचान गरिनेछ ।

## २ पूर्ण सरसफाई उन्मुख क्षेत्र:

पूर्ण सरसफाई अभियान अन्तर्गत कुनै पिन क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र घोषणा र कायम गरी सके पछि निरन्तर रुपमा तपसिलमा उल्लेखित पूर्ण सरसफइ उन्मुख कृयाकलापहरुको पुनरावलोकन गरिने छ ।

क) सफा र स्वच्छ क्षेत्रमा चरणमा संचालित योजना कार्यक्रम क्रियाकलापहरुके पुनरावलोकन गरिने छ । र आवश्यकता अनुसार सुधारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

ख) घर संस्था शौचालयबाट ढल प्रणाली वा कुनै माध्यम मार्फत निश्चित स्थानमा सुरक्षित तरिकाले मानव मलमुत्रीय फोहोर तथा फोहोरपानीलाई उपयुक्त प्रविधि मार्फत प्रशोधन गरी त्यहाँबाट नस्केको वस्तुहरु लाई घरायसी सरसफाई कृषि वा अन्य क्षेत्रमा पुनः प्रयोगमा जोड दिइनेछ । निजी क्षेत्रसँग सहकार्य गरी यस्तो कार्यलाई अझ प्रभावकारी बनाइनेछ ।

ग) घर संस्था कार्यालयमा प्रयोग तथा पुन प्रयोग हुन नसकेको ठोस फोहोरमैलाई स्रोतबाट सिधै संकलन गरी स्यानीटरी ल्याण्डफिल्डमा सुरक्षित रुपमा स्थानान्तरण प्रशोधन एवं विसर्जनको व्यवस्था गरिनेछ ।

घ) पाथीभरा याङवरक गाउँपालिका र सरोकारवालाहरुको समन्वयमा वर्षातको पानी संकलन गरी प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

ङ) बजार क्षेत्र तथा बजार उन्मुख क्षेत्रमा फोहोर पानी तथा सतही ढलको व्यवस्था गरिनेछ ।

च) नदीनालाको सरसफइ पार्क निर्माण तठ्ठा हरियाली प्रवर्दनमा जोड दिइनेछ ।

छ) सरोकारवालाहरुसँगको समन्वयमा अस्पताल एवं ओधोगिक तथा कलकारखानाबाट उत्पादित जोखिमयुक्त फोहोरमैलाको सुरक्षित विसर्जन गरिनेछ ।

ज. सरोकारवालहरुको समन्वयमा प्रयोगकर्ता मैत्री उच्च गुणस्तरका खानेपानी सरसफाइ र स्वच्छताका सुविधाहरु प्रवर्दन र विकास गरी पूर्ण सरसफाइ उन्मुख क्षेत्र निर्माणमा केन्द्रित रहन समुदाय परिचालनका क्रियाकलापहरु संचालन गरिनेछ ।

३. सफा र स्वच्छ अवस्था एवं पूर्ण सरसफाइका सूचकहरु

पूर्ण सरसफाइ अभियान अन्तर्गत सफा र स्वच्छ क्षेत्र एवं पूर्ण सरसफाइ उन्मुख क्षेत्रको स्व अनुगमन वा प्रमाणीकरणका लागि अनुगमन गर्दा निम्न लिखित सूचकहरुलाई आधार मानी उक्त क्षेत्रको अवस्थाको लेखाजोखा घोषणा एवं प्रमाणीकरणको अनुमोदन प्रकृया अवलम्बन गरिनेछ ।

क. सफा र स्वच्छ अवस्था क्षेत्र घोषणाका सूचकहरु

तल दिएका ७ वटा सूचकहरु अध्ययन गरि सो हासिल भएको पाईएमा कुनै क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र भनी स्व घोषणा एवं प्रमाणीकरण गर्न सकिनेछ ।

१ **योजना तर्जुमा तथा व्यवस्थापन:**

समन्वय समिति सकृय रहेको

वास योजना तर्जुमा भएको

क्षमता विकासको लागि तालिमहरु सञ्चालन गरिएको

२ **चर्पीको समुचित प्रयोग:**

- प्रत्येक घरधूरी संघ संस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको ।
- साबुन पानी सहित सफा र सुरक्षित चर्पी भएको
- खुला ठाउँमा दिसा नभेटिएको

संघ संस्थाका र सार्वजनिक शौचालयहरु प्रयोग कर्ता मैत्री भएको ।

३ **व्यक्तिगत सफाइ:**

प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानी सहितको हात धुने सुविधा स्थान र साबुन पानीके व्यवस्थाको बनाएको

घर विद्यालय स्वास्थ्य संस्था कार्यालयहरुमा साबुन पानीले हात धुने महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धि ज्ञान र अभ्यास भएको

४ **सुरक्षित पानीमा पहुँच तथा प्रयोग:**

आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको

खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी विद्यालय संघ संस्थामा पानी शुद्दि करणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको

घरायसी पानी शुद्दी करणका आवश्यक सामाग्रीहरु स्थानीय बजारमा उपलब्ध भएको

५ **सुरक्षित खानाको प्रयोग:**

घर भान्सा होटेल क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासी तथा सडेगलेको खाना नखाने नबेच्ने गरेको

खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको फलफूल तथा खानेकुराहरु राम्रोसँग सफा सफा गरेर एवं पकाएर तताएर खाने खुवाउने गरेको सुरक्षित खानको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको

६ **घरायसी एवं संस्थागत सरसफाइ:**

- घर विद्यालय संघ संस्था भित्र तथा बाहिर सफा रहेको ।
- विद्यालय संघ संस्था र सार्वजनिक शौचालयहरुमा मासिक धर्ममा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनहरुको सफाइ एवं विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको
- घर आँगन उवं विद्यालय संघ संस्थाबाट निस्कने फोहोरलाई वर्गीकरण गरी कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरेको । घर एवं विद्यालय संघ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको ।
- अस्पताल उद्योग कलकारखानाबाट निस्केको फोहोरको सुरक्षित संकलन निस्कासन तथा विसर्जन सोही संस्थाले गर्ने गरेको ।
- उपयुक्त तरिकाले पशुपंक्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको
- भान्सा कोठामा हावा ओहोर दोहोर हुने उचित व्यवस्था तथा धुवाँ रहित चुल्होको प्रयोग भएको

७ **वातावरणीय सरसफाइ:**

- गाउँ टोल नगर एवं सडक चौतारा आदि सार्वजनिक स्थानहरुको सरसफाइको लागि सरसफाइ समिति गठन भएको ।
- घरायसी एवं संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमूत्र बाहेक व्यवस्थापनको आवश्यकता अनुसार उपयुक्त प्रविधिको प्रयोग भएको पक्की वाटरशिल चर्पी र व्यवस्थित सेप्टि ट्याङ्की जोडिएको ।
- मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको पक्की वाटरशिल चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको ।
- गाउँपालिका भित्रका बजार क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणका योजना तर्जुमा भएको ।
- व्यवस्थित ढल प्रणाली मानव मल मुत्रीय फोहोरको व्यवस्थापन वा वैज्ञानिक फोहोरपानी प्रशोधन प्रणालीको योजना तर्जुमा भएको ।

**ख) पूर्ण सरसफाइ उन्मुख क्षेत्र घोषणा चरणका सूचकहरु:**

- प्रयोग कर्ता मैत्री गुणस्तरीय चर्पी निर्माण भएको ।
- नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको ।
- ग्रामिण तथा छरिएका वस्तीमा मानव मलमुत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको ।
- बजार क्षेत्रमा प्रशोधन सहितको व्यवस्थित ढल भएको ।
- ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्डफिल्ड साइटको निर्माण गरी सञ्चालनमा रहेको ।

- बजार क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्पादन पुनःप्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको ।
- आकासे पानी संकलन र उपयोग गरेको ।
- नदीनाला पोखरी ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम राखेको ।
- वस्ती टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको ।

**४) स्व घोषणा अनुमोदन तथा प्रमाणीकरण:**

**क)** पूर्ण सरसफाइ अभियानलाई निरन्तर रुपमा संचालन गर्दै जाँदा गाउँपालिकाले सरसफाइका कृयाकलापहरुको स्व अनुगमन अवलोकन मूल्याङ्कन एवं स्तरोन्नती कार्यलाई निरन्तर रुपमा संचालन गर्ने छ ।

**ख)** पूर्ण सरसफाई अभियान संचालन गर्ने क्रममा अनुसूचि ३ को क २ चर्पीको समुचित प्रयोगका सूचकहरु पुरा गर्न खुला दिशा मुक्त घोषणाको दिगोपनाका लागि प्राथमिकिकरण गर्नु पर्नेछ ।

**ग)** कुनै वडाबाट संचालित पूर्ण सरसफाई सफा र स्वच्छ क्षेत्रका कृयाकलापहरु पूरा गरेपछि सम्बन्धित वडा समिति वा कार्यदलले उक्त क्षेत्रको अनुगमन गरि सफा र स्वच्छ क्षेत्रका उल्लेखित सूचकहरु पूरा भएको अवस्थामा आफ्नो क्षेत्रलाई सफा र स्वच्छ क्षेत्रका रुपमा स्व घोषणा गर्नु भन्दा अगाडी अनुसूचि ८ अनुसारको स्टिकर तयार गरी प्रत्येक घरधूरीमा वितरण गर्नेछ र स्व घोषणा गर्न सक्नेछ । यसरी सफा र स्वच्छ घोषणा गरिए पछि त्यस क्षेत्रलाई गाउँपालिका स्तरीय समितिबाट अनुगमन तथा अवलोकन गराइ सफा र स्वच्छ क्षेत्रका रुपमा प्रमाणीकरण गराउन सकिनेछ । गाउँपालिका स्तरीय समितिको प्रमाणिकरण पश्चात वडाले आफ्नो कार्यालयमा पनि अनुसूचि ८ अनुसारको स्टिकर टाँस्न पाउनेछ ।

**घ)** कुनै वडामा संचालित पूर्ण सरसफाइ अभियानकँ कृयाकलापहरुको स्व अनुगमन तथा अनुगमन गर्दा माथि उल्लेखित सफा र स्वच्छ क्षेत्रका सम्बन्धित सूचकहरुलाई आधार मानी सफा र स्वच्छ अवस्था कायम भए वा नभएको सुनिश्चितता गरिनेछ । सबै वडाका सफा र स्वच्छ क्षेत्र कायम भएपछि क्रमश गाउँपालिका

क्षेत्रलाइ सोही प्रकृया अनुरुप सफा र स्वच्छ क्षेत्र स्व घोषणा तथा अनुमोदन एवं प्रमाणिकरण गरिनेछ ।

**ङ)** यदि कुनै वडाले त्यसको कुनै वस्ती वा टोललाई सफा र स्वच्छ क्षेत्र वा पूर्ण सरसफाई उन्मुख क्षेत्र प्रमाणिकरण गराउन औपचारिक अनुरोध गरेमा गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समितिले ७ दिन भित्र अनुगमन कार्यदल गठन गरी सम्बन्धित निकायमा वा क्षेत्रमा अनुगमनका लागि खटाउनेछ ।उक्त अनुगमनमा खटिएको टोलीले अनुसूचि ३ (क) मा उल्लेख गरिएका पूर्ण सरसफाईका चरणहरु उल्लेख गरिएको पूर्ण सरसफाईका सूचकहरु समेटिएको सूचना सङ्कलन फारम तथा कार्य विधि अनुसार अवलोकन छलफल आवश्यक सूचना सङ्कलन गरी उक्त क्षेत्रलाई सफा र स्वच्छ क्षेत्र प्रमाणिकरण गर्न योग्य छ छैन ठोस राय सहितको प्रतिवेदन गाउँपालिका स्तरीय समितिमा पेश गर्नेछ । प्रतिवेदन पेश भएको मितिले १५ दिन भित्र समितिको बैठक बसी सफा र स्वच्छ क्षेत्र प्रमाणिकरण गर्न योग्य भए नभएको जानकारी गराउनेछ । यदि योग्य नभएमा सम्बन्धित समन्वय समितिलाई सफा र स्वच्छ क्षेत्र हासिलका लागि गर्नु पर्ने कृयाकलापको सुझाव सहित पत्राचार गर्नु पर्नेछ ।र सूचकहरु पूरा गरेको अवस्थामा सफा र स्वच्छ क्षेत्र अनुमोदन गर्न सकिने पत्राचार गर्नु पर्नेछ ।

च) स्व घोषणा गर्दा वा अनुमोदन गर्दा सो सम्बन्धि सूचक पूरा गरेको प्रमाण पत्र उपलब्ध गराउनु पर्नेछ । कुनै क्षेत्रमा सफा र स्वच्छ क्षेत्रका सूचकहरु पूरा गरि अनुमोदन वा स्वघोषणा भए पछि वा सँगसँगै पूर्ण सरसफाई उन्मुख कृयाकलापहरु सन्चालन गरिनेछ । पूर्ण सरसफाई सम्बन्धि माथि उल्लेखित कृयाकलापहरु सञ्चालन गरेर बुँदा ३ (ख) का सूचकहरु हासिल गरे पश्चात उक्त क्षेत्रलाई पूर्ण सरसफाई उन्मुख अवस्थाका रुपमा स्व घोषणा गर्नुका साथै प्रमाणिकरण गर्न सकिनेछ । साथै सफा र स्वच्छ क्षेत्र जस्तै स्व अनुगमन, अनुमोदन स्व घोषणा तथा प्रमाणिकरण प्रकृया अवलम्बन गरिनेछ ।

# अनुसूचि २

**अनुगमनका विधिहरु:**

**१) स्व अनुगमन:**

सरसफाइ अभियानका गाउँ तहदेखि केन्द्र सम्म आफूले गरेका कामहरु र कार्यक्रमका उपलब्धिहरुलाई कार्यन्वयनकर्ता संस्था स्वयंले गर्ने गरी सम्बन्धित सरोकारवालाहरुको सहभागितामा वार्षिक स्व अनुगमन गरिनेछ ।

**२) संयुक्त अनुगमन:**

विभिन्न तहका समन्वय समिति सहयोगी निकाय सञ्चारकर्मी नागरिक समाज राजनैतिक दल शिक्षक विज्ञ तथा लाभान्वित समुदाय आदि सम्मिलित समूहबाट सम्युक्त रुपमा अनुगमन गरिनेछ । यस्तो अनुगमन एक तह माथिको समन्वय समितिबाट बर्षमा कम्तीमा १ पटक गरिनेछ ।

**३) प्रभाव अध्ययन:**

पूर्ण सरसफाईका कृयाकलापहरुको प्रभावका सम्बन्धमा जिल्ला क्षेत्र र केन्द्रले मातहतका कृयाकलापहरुको प्रभाव अध्ययन तथा मूल्याङ्कन गर्नेछ ।

**४) प्रतिवेदन अभिलेखिकरण र व्यवस्थापन:**

सरसफाइ प्रवर्दन र प्राप्त उपलब्धीको प्रतिवेदन तयारी र अभिलेखिकरण प्रयोजनका लागि तथ्याङ्क व्यवस्थापन प्रणालीको उपयुक्त सरचना र विधि अपनाइनेछ ।यसका लागि गाउँपालिकाको तथ्याङ्क व्यवस्थापन गाउँपालिका स्तरमा गरिनेछ । वडाका समन्वय समितिले नियमित रुपमा आफ्नो गाउँपालिका क्षेत्र भित्र रहेका घर परिवार सस्था र सार्वजनिक स्थानमा प्रयोगमा रहेका चर्पी शउचालय को विवरण खानेपानी सेवाको पहुँच हात धुने स्थलको व्यवस्थाँ फोहोरमैला व्यवस्थापन लगायतका अन्य सान्दर्भिक विषयरहरु समावेश गरी तथ्याङ्क सङ्कलन तथा अद्यावधिक गरि अभिलेखिकरण गर्नु पर्नेछ ।यस प्रकारको सूचनाको अभिलेखिकरण गर्दा उक्त विषयसँग सम्बन्धित बानी व्यवहारका पक्षहरु राम्रा सिकाई तथा अभ्यासहरु र सफलताका अनुभवहरु समेत समावेश गर्नु पर्नेछ ।

वडाहरुले सरसफाईसँग सम्बन्धित मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरि जेठ १५ भित्र गाउँ कार्यपालिकाको सम्बन्धित शाखामा पेश गर्नु पर्नेछ ।

गापाले सरसफाई सम्बन्धि मात्रात्मक तथा गुणात्मक अभिलेख समेटेर प्रतिवेदन तयार गरी असार मसान्त भित्र जिल्ला समन्वय समितिको सचिवालयमा पेश गर्नु पर्नेछ ।

## अनुसूचि ३

सरोकारवालाहरुको भूमिका र जिम्मेवारी

कार्य सञ्चालन तह

| क्र.स. | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| १ | व्यक्ति | • चर्पीको समुचित प्रयोग सरसफाई मर्मत सम्भार व्यक्तिगत सरसफाइ गर्ने ।<br>• स्वस्थ्यकर बानी व्यवहार अवलम्बन गर्ने ।<br>• घर आँगनको सरसफाइ गर्ने ।<br>• सरसफाइ प्रति सचेत नागरिकको रुपमा सार्वजनिक दायित्व निर्वाह गर्ने । |
| २ | घरपरिवार | • चर्पीको निर्माण समुचित प्रयोग सरसफाइ र मर्मत सम्भार गर्ने ।<br>• सरसफाइ सम्बन्धि सामाजिकिकरण गर्ने ।<br>• पानी र खानाको स्वच्छता कायम राख्ने ।<br>• घर आँगन र वरिपरिको सरसफाइ गर्ने ।<br>• फुलबारी र बगैचाको स्थापना र व्वस्थापन गर्ने ।<br>• एक घर एक करेसाबारी तयार गर्ने ।<br>• स्वच्छकर बानी व्यवहारको विकासका लागि परिवारका सदस्य र छिमेकीलाई अभिप्रेरणा गर्ने ।<br>• घरधूरीबाट निस्कने फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने । |
| ३ | विद्यालय विश्व विद्यालय महाविद्यालय तथा अनुसन्धान सस्थाहरु | • सरसफाइका विषय वस्तुहरुलाई पाठ्य पुस्तकमा समावेश गर्ने ।<br>• पूर्ण सरसफाई सम्बन्धी कार्य योजना तर्जुमा तथा कार्यान्वयन गर्ने ।<br>• विद्यार्थी बाल क्लब गठन तथा सकृयता गराउने ।<br>• बालमैत्री लैङ्गिक मैत्री चर्पी यूरिनल तथा खानेपानी सुविधा निर्माण प्रयोग ।<br>• सरसफाइ तथा मर्मत सम्भार गर्ने ।<br>• पानीको स्वच्छता कायम राख्ने ।<br>• वरिपरिको सरसफाई कायम राख्ने ।<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि विद्यार्थी र समुदायलाई अभिप्रेरणा गर्ने ।<br>• फोहोरमैलाको वर्गिकरण र समुचित व्यवस्थापन गर्ने ।<br>• विपद्को समयमा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामाग्री वितरणमा सहयोग गर्ने ।<br>• समुदाय तथा अध्ययन कर्ताहरुका लागि सरसफाइ सिकाइ केन्द्रको रुपमा विकास हुने । |

| | | |
|---|---|---|
| | | • अनुसन्धान र विकासका कृयाकलापहरु सञ्चालन गर्ने ।<br>• सफा र स्वच्छ विद्यालय तथा कलेज प्रवर्दन गरी नमुनाको रुपमा प्रस्तुत गर्ने । |
| ४ | गाउँ टोल | • पूर्ण सरसफाई सम्बन्धी कार्य योजना तर्जुमा तथा कार्यान्वियन गर्ने ।<br>• गाउँ टोल समूहको गठन तथा सकृयता गराउने ।<br>• प्रयोगकर्ता मैत्री सरसफाइ सुविधाको स्तरोन्नति र मर्मत सम्भार गर्ने ।<br>• खानेपानीको मुहान संरक्षण पानीको सुध्रिढिकरण र स्वच्छता कायम राख्ने ।<br>• गाउँ टोल र वरिपरिको सरसफाइ कायम राख्ने ।<br>• सार्वजनिक शोचालयको निर्माण व्ववस्थापन सरसफाइ र मर्मत सम्भार गर्ने ।<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि घरधूरी र नागरिक समुदायलाई अभिप्रेरणा गर्ने ।<br>• फोहोरमैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने ।<br>• वृक्षारोपण हरियाली पार्क बगैचा चउताराको निर्माण र सरक्षण गर्ने ।<br>• सफा र स्वच्छ गाउँ टोल विकास गरी नमुनाको रुपमा प्रस्तुत हुने । |
| ५ | उपभोक्ता समिति खानेपानी तथा सरसफाइ बजार व्यवस्थापन समिति वन व्यवस्थापन समिति | • लक्षित समूह सगठन समुदायलाई संगठित सूसुचित र सकृय बनाउने ।<br>• नीति नियम आचार सहिता तर्जुमा गर्ने र गराउने ।<br>• स्थानीय र श्रोत साधन परिचालन गर्ने ।<br>• अवस्था विश्लेषण तथ्याङ्क सङ्कलन गर्न सहयोग पुर्याउने ।<br>• विपद्को समयमा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामाग्री वितरणमा सहयोग पुर्याउने ।<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने ।<br>• सरोकारवालाहरु तथा समन्वय समितिसँग समन्वय गर्ने ।<br>• सुविधाहरुको मर्मत सरसफाइ र व्यवस्थापनमा सहयोग पुर्याउने । |
| ६ | पशुबधशाला सञ्चालक फ्रेस हाउस सञ्चालक | • उचित स्थानमा बधशाला फ्रेस हाउस निर्माण र सञ्चालन गर्ने ।<br>• बधशालाको सरसफाइ र त्यहाँबाट निस्केको फोहोर व्यवस्थापन गर्ने ।<br>• मासुको स्वच्छता कायम राख्ने । |
| ७ | सरकारी गैसस र निजी कार्यालय लगायत सबै | • प्रयोगकर्ता मैत्री चर्पी यूरिनल तथा खानेपानी सुविधा निर्माण प्रयोग तथा मर्मत सम्भार गर्ने ।<br>• पानीको स्वच्छता कायम राख्ने ।<br>• वरिपरिको सरसफाइ कायम राख्ने ।<br>• स्वच्छकर बानी व्यवहार विकासका लागि कर्मचारी र सेवाग्राहीलाई अभिप्रेरणा गर्ने ।<br>• फोहोर मैलाको वर्गीकरण र समुचित व्यवस्थापन गर्ने ।<br>• विपद्को समयमा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामाग्री वितरणमा सहयोग पुर्याउने । |

| | | |
|---|---|---|
| | | • सफा र स्वच्छ कार्यालय प्रवर्दन गरी नमुनाको रुपमा प्रस्तुत हुने । |
| ८ | महिला स्वास्थ्य स्वयम् सेविका र स्वास्थ्य कार्यकर्ता | • प्राविधिक ज्ञान सिप र सचेतना विस्तार गर्ने ।<br>• सामुदायिक सशक्तिकरण र सकृयतामा वृद्दि गर्ने ।<br>• अभिमुखीकरण र ट्रिगरिङ गर्ने ।<br>• अवस्था विश्लेषण तथ्याङ्क सङ्कलन गर्न सहयोग पुर्याउने ।<br>• सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने ।<br>• विपद्को समयमा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामाग्री वितरणमा सहयोग पुर्याउने ।<br>• सफा र स्वच्छ अनीबानी प्रदर्शन गरी नमुनाका रुपमा प्रस्तुत हुनुपर्ने ।<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने । |
| ९ | शिक्षक विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ | • जीवन उपयोगी ज्ञान सीप अभ्यास र सचेतना विस्तार गर्ने ।<br>• विद्यार्थी विद्यालय परिवार र समुदायको सशक्तिकरण र सकृयता वृद्दी गर्ने ।<br>• अभिमुखीकरण र तालिम सञ्चालन गर्ने ।<br>• अवस्था विश्लेषण सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने ।<br>• विपद्को समयमा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामाग्री वितरणमा सहयोग पुर्याउने ।<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने ।<br>• सफा र स्वच्छ विद्यालय प्रवर्दन गरी नमुनाको रुपमा प्रस्तुत हुने । |
| १० | विद्यार्थी बाल क्लब | • विद्यालय सेवा क्षेत्र भित्र सरसफाइ क्यालेन्डर बनाइ कार्यक्रम सञ्चालन गर्ने ।<br>• सरसफाईका सुविधाहरु एवम् कक्षा कोठा र वरिपरिको वातावरणीय सरसफाइ गर्ने ।<br>• तथ्याङ्क सङ्कलन सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न सहयोग पुर्याउने ।<br>• विपद्को समयमा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामाग्री वितरणमा सहयोग पुर्याउने ।<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने । |
| ११ | स्थानीय क्लब र समूह | • प्राविधिक ज्ञान सीप र सचेतना विस्तार गर्ने ।<br>• सामुदायिक सशक्तिकरण र सकृयता वृद्दी गर्न सहयोग पुर्याउने ।<br>• अभिमुखीकरण र ट्रिगरिङ गर्न सहयोग पुर्याउने ।<br>• अवस्था विश्लेषण तथ्याङ्क सङ्कलन गर्न सहयोग पुर्याउने ।<br>• सचेतनामूलक कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न सहयोग पुर्याउने । |

| | | |
|---|---|---|
| | | • विपद्को समयमा खानेपानी सरसफाइ र स्वच्छता सम्बन्धी सचेतना र सामाग्री वितरणमा सहयोग पुर्याउने ।<br>• अनुगमन र सहजीकरण गर्न सहयोग पुर्याउने । |
| १२ | वित्तीय संस्था तथा सहकारी | • सरसफाइ सामाग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने ।<br>• सहुलियत व्याजदरमा रिण प्रदान गर्ने ।<br>• सामाग्रीहरुको बजारीकरण र वितरण गर्ने । |
| १३ | सञ्चारकर्मी तथा नागरिक समाज | • सन्देशमूलक सामाग्रीहरुको प्रचार प्रसार गर्ने ।<br>• अध्ययन अवलोकन र सफल कथाहरुको प्रचार प्रसार गर्ने ।<br>• अनुगमन र पैरवी गर्ने । |
| १४ | निजी क्षेत्रका व्यवसायी र मठ मन्दिर सञ्चालक | • सरसफाइ सामाग्री उत्पादन तथा बजारीकरणमा सहयोग र लगानी गर्ने ।<br>• फोहोरमैलाको वर्गीकरण र व्यवस्थापन गर्ने ।<br>• कार्यस्थल र सेवाको सरसफाइ र स्वच्छता कायम गर्ने ।<br>• सरसफाइ तथा स्वच्छता अभियानमा कर्मचारी सङ्गठन र निकायहरुलाई परिचालन गर्ने । |

ख) नीति निर्माण तथा समन्वय तह

| क्र स | सरोकारवालाहरु | कार्यक्षेत्र |
|---|---|---|
| १ | गाउँपालिका र वडा | क्षेत्रगत सरोकारवालाहरुसँग समन्वय तथा स्रोत साधन पहिचान गर्ने सरसफाइका मुद्दाहरुलाई स्थानीय प्रदेश राष्ट्रिय र अन्तराष्ट्रिय तहमा पैरवी गर्ने रणनितिक योजना तथा कार्ययोजना तर्जुमा गर्न सहयोग र कार्यान्वयन गर्ने बजेट तथा मानव सम्साधन व्यवस्थापन गर्न सहयोग पुर्याउने नेतृत्व समन्वय र सूचना तथा अभिलेख व्यवस्थापन गर्ने अनुगमन नियमन र सुपरीवेक्षण गर्ने । |
| २ | प्रदेश तथा जिल्ला तहका कार्यालयहरु | नीति र रणनीति र योजना तर्जुमा र कार्यान्वयन गर्ने बजेट तथा मानव संसाधन व्यवस्थापन गर्ने समन्वय र सूचना तथा अभिलख व्यवस्थापन गर्ने अनुगमन नियमन र सुपरीवेक्षण गर्ने । |
| ३ | विकास साझेदार संस्था | क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनमा गाउँपालिका र वडा र समन्वय समितिलाई प्राविधिक तथा आर्थीक सहयोग गर्ने अनुसन्धान र विकासका कार्यहरु सञ्चालन गर्ने । |
| ४ | राजनैतिक दल र तीनका भातृ सङ्गठनहरु | सरसफाइलाइ गाउँपालिका विकासको महत्वपूर्ण मूलधारका रुपमा स्थापित गर्ने ।<br>सरसफाइका लागि अभियान र मानवीय श्रोतको परिचालन गर्ने । |

# अनुसूचि ४

**खानेपानी सरसफाई र स्वच्छताका अन्तर्निहित विषयहरु**

पूर्ण सरसफाईका अन्तर्निहित विषयहरु र सम्बोधन गर्ने उपायहरु तलको तालिकामा उल्लेख गरिएका छन् ।

| क स | अन्तर सम्बन्धित विषयहरु | सम्बोधन गर्ने उपायहरु |
|---|---|---|
| १ | सामाजिक समावेशिकरण | • हरेक तहका समन्वय समिति तथा कार्यदलहरुमा समुदायका सबै वर्ग र समूहको प्रतिनिधित्व सहित कम्तिमा पनि ३३ प्रतिशत महिलाको सहभागिता सुनिश्चित गर्ने ।<br>• लैङ्गिक तथा सामाजिक वर्ग समूहका संवेदनशिल तथ्याङ्क तयारी गर्ने ।<br>• क्षमता अभिवृद्दिका कृयाकलाप सञ्चालन गर्दा अनिवार्यत लैङ्गीक सन्तुलन कायम गरी सहभागीहरुको चयन गर्ने ।<br>• पूर्ण सरसफाई सचेतनामूलक सामाग्री विकास गर्दा लैङ्गिक पक्ष र समावेशितामा ध्यान दिने ।<br>• लैङ्गिक अपाङ्ग बाल वृद्द सम्बेदनशिल सुविधाहरु प्रवर्दन गर्ने ।<br>• आय आर्जन र जीविकोपार्जनमुखी सरसफाइका कृयाकलापहरु प्रवर्दन गर्ने । |
| २ | पोषण जन स्वास्थ्यको कार्यक्रमहरुसँग बढी सम्बन्धित | • सरसफाई र पोषणको अन्तर सम्बन्ध झल्किने गरी शैक्षिक सामाग्री विकास तथा प्रचार प्रसार गर्ने ।<br>• गरिवी निवारण र पोषणसँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्दा चर्पी निर्माण र प्रयोग एवम् साबुन पानीले हात धुने कृयाकलापहरुको सुनिश्चितता गर्ने ।<br>• सुरक्षित मातृत्व र स्तनपान सम्बन्धी जनचेतनामूलक कृयाकलापहरु सञ्चालन गर्दा चर्पी प्रयोग र साबुन पानिले हात धुने कृयाकलाप तथा सुविधाहरु प्रवर्दन गर्ने ।<br>• स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित एकीकृत पोषण व्यवस्थापन कार्यक्रमसँग खानेपानी सरसफाई र स्वच्छता सम्बन्धी कृयाकलाप तथा सुविधाहरु प्रवर्दन गर्ने । |
| ३ | मासिक धर्म स्वच्छता महिनावारी स्वच्छता जनस्वास्थ्य र शिक्षासँग प्रत्यक्ष सम्बन्धित | • विद्यालय सार्वजनिक भवन र सरकारी तथा गै सस कार्यालयहरुमा अनिवार्यत चर्पीको साथमा महिनावारीसँग सम्बन्धित पक्षहरु जस्तै स्यानिटरी प्याड लगायत सफाइ सम्बन्धी अन्य सामाग्रीहरु सफा गर्ने फेर्ने फ्याल्न र जलाउन मिल्ने सुविधाहरु समेतको व्यवस्था गर्ने ।<br>• सरसफाइ सम्बन्धी विद्यालय र समुदाय स्तरीय कृयाकलापहरु सञ्चालन गर्दा महिनावारी स्वच्छताका विषयहरु समावेश गर्ने । |

| | | |
|---|---|---|
| | | • महिनावारी स्वच्छता व्यवस्थापनका लागि जनचेतनामूलक सामाग्री स्यानिटरी प्याडको निर्माण विकास तथा प्रचार प्रसार गर्ने । |
| ४ | जलवायु परिवर्तन वातावरण विज्ञान र प्रविधि अनुसन्धान जलश्रोत जनस्वास्थ्य आदिसँग बढी सम्बन्धित | • जलवायु परिवर्तन सम्बन्धी क्षेत्रगत कार्य समूह स्थापना गर्ने ।<br>• जलवायु परिवर्तनले खानेपानी तथा सरसफाइ क्षेत्रमा परेको असरहरुको वैज्ञानिक तथ्यहरु व्यवस्थित गर्न त्यसका आधारमा सूधारका योजनाहरु तर्जुमा गर्ने ।<br>• विद्यालय तथा विश्व विद्यालय तहका पाठ्य पुस्तकहरुमा जलवायु परिवर्तन सम्बन्धी विषयहरु समावेश गर्ने ।<br>• वर्षातको पानी सङ्कलन तथा स्थानीय स्तरमा उपयुक्त हुने अन्य प्रविधिको विस्तार गरी जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने ।<br>• जलवायु परिवर्तनका कारक तत्व मानिएका घरायसी र सामुदायिक तहमा प्रयोग भइ रहेका सामाग्रीहरुको न्यून रुपमा प्रयोग गर्न जनचेतनामूलक कृयाकलाप सञ्चालन गर्ने ।<br>• जलवायु परिवर्तनको सवाललाई खानेपानी सस्थाको क्षेत्रको नीति भित्र समावेश गर्न दीर्घकालिन र दिगो व्यवस्थापनको कार्यक्रम सञ्चालन गर्ने ।<br>• अनुगमनका क्षेत्रगत सूचकहरु तयार गर्दा जलवायु परिवर्तनका सवालहरु समावेश गर्ने ।<br>• जलवायु परिवर्तनको असर न्यूनिकरणसँग सान्दर्भिक पद्वति प्रविधि मौलिक ज्ञान तथा सीप क्षमता अभिवृदि सूचना प्रणाली वैकल्पिक उपायहरु आदि सम्बन्धित विषयहरुमा अनुसन्धान र विकास गर्ने । |
| ५ | आपत्कालिन पूर्व तयारी गृय मन्त्रालय सहरी विकास मन्त्रालय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय खानेपानी तथा सरसफाइ मन्त्रालय अवाससँग सम्बन्धित | • आपतकालिन अवस्थामा जोखिम आँकलन र खानेपानी सरसफाइ तथा स्वच्छता क्षेत्रले विपद् व्यवस्थापनमा वहन गर्नु पर्ने जिम्मेवारी निर्वाह गर्ने विभिन्न तहका समन्वय समितिहरुको क्षमता र सीप अभिवृदी गर्ने ।<br>• विभिन्न क्लष्टरहरुसँग वास क्लष्टरको समन्वय गर्ने ।<br>• विपद् सम्बन्धी योजना सहित सेवा सुविधाको मानक तथा नर्म्स र सहयोगका प्याकेज समेटी रणनीतिक कार्य योजना तयार गर्ने ।<br>• जोखिम नक्साङ्कन गर्ने ।<br>• आपतकालिन सरसफाइ कोष स्थापना गर्ने ।<br>• क्लोरिन र औसधीको भण्डारण मज्बुद राख्ने ।<br>• चर्पी निर्माण गर्ने सामाग्रीको यथेष्ठ भण्डारण राख्ने ।<br>• पानीको गुणस्तर जाँच्ने विधि औजार उपकरण व्यवस्था गर्ने ।<br>• विपद्को अस्थस्थामा खानेपानी तथा सरसफाइ तथा स्वच्छताका निमित्त तालिम प्राप्त सहज कर्ता स्वयम्सेवकहरु परिचालन गर्ने । |

| | | |
|---|---|---|
| | | • मानवीय सहयोगका लागि क्षमता अभिवृद्दी गर्ने र भविश्यमा हुन सक्ने विपद्का लागि तालिम प्राप्त मानव सम्साधन तयारी अवस्थामा राख्ने ।<br>• आपतकालिन अवस्थाको लागि शीघ्र रेस्पोन्स पद्दतिको विकास र अवलम्बन गर्ने ।<br>• गाउँपालिकामा जगेडा कोष व्यवस्थापन गर्ने ।<br>• स्वयम सेवकको व्यापक परिचालन गर्ने ।<br>• विपद्को वेला साबुन पानीले हात धुने सफा पानी सुविधाको उचित मर्मत सम्भार र ठोस र तरल फोहोरमैला व्यवस्थापनमा ध्यान दिने । |
| ६ | बानी व्यहोरा विकास तथा परिवर्तन | • मौजुदा सरसफाइ र स्वच्छता सम्बन्धी बानी व्यहोराको विश्लेषण गर्ने ।<br>• लक्षित समूहको लेखाजोखा र सक्षमता अभिवृद्दी गर्ने ।<br>• अपेक्षित बानी व्यहोराको पहिचान गर्ने ।<br>• बानी व्यहोरा विकास तथा परिवर्तनमा बाधा पुर्याउने र सहयोग गर्ने पक्षहरुको खोजी गर्ने ।<br>• लक्षित समूहले रुचाउने सन्देश पहिचान गर्ने ।<br>• सामाग्री र माध्यमहरुको चयन गर्ने ।<br>• सञ्चार तथा तालिम आवश्यकता पहिचान गर्ने ।<br>• प्रमाणमा आधारित पैरवी तथा सञ्चार प्याकेजहरुको प्रयोग गर्ने ।<br>• अपेक्षित बानी व्यहोरा हासिल हुन सके नसकेको अनुगमन र मूल्याङ्कन गर्ने । |
| | | |

## अनुसूचि ५

**अनुगमनका सूचकहरु र प्रमाणिकरण गर्ने आधारहरु**

| सूचकहरु | प्रमाणित गर्ने आधार तथा औजार |
|---|---|
| **१) सफा र स्वच्छ क्षेत्र** | |
| योजना तर्जुमा र व्यवस्थापन | |
| समन्वय समिति सकृय रहेको<br>WASH Plan वास प्लान तर्जुमा भएको<br>क्षमता विकासका लागि तालिमहरु सञ्चालन गरिएको । | समन्वय समितिको वैठक नियमित बस्छ बस्दैन सोध्ने ।<br>वैठकको माइन्युइट अवलोकन गर्ने ।<br>WASH Plan वास प्लान तर्जुमा भएको नभएको सोध्ने र एकिन गरी अवलोकन गर्ने ।<br>तालिमहरु सञ्चालन भए नभएको सोध्ने र तालिम प्रतिवेदन हेर्ने । |

| | |
|---|---|
| समुचित तरिकाले चर्पीको प्रयोग | |
| • प्रत्येक घरधूरी सङ्घ सस्था र आवश्यकता अनुसार सार्वजनिक स्थानहरुमा चर्पी निर्माण भइ प्रयोग भएको<br>• साबुन पानी सहितको सुरक्षित सफा चर्पी भएको<br>• खुला ठाउँमा दिसा नभेटिएको<br>• सङ्घ सस्थाका र सार्वजनिक शौचालय प्रयोग कर्ता मैत्री भएको । | • घर सङ्घ सस्था निकाय र आवश्यकता अनुसार सार्वजनिक शौचालय बने नबनेको स्याम्प्लिङका आधारमा अवलोकन तथा सोधपुछ गर्ने ।<br>• चर्पी साबुन पानी सहित सफा छ छैन अवलोकन गर्ने ।<br>• सङ्घ सस्था एवम् सार्वजनिक शौचालय प्रयोग कर्ता मैत्री छन् छैनन् अवलोकन गर्ने । |
| व्यक्तिगत सरसफाइ | |
| • प्रत्येक घरले उपयुक्त स्थानमा साबुन पानीसहितको हात धुने स्थान बनाएको ।<br>• घर विद्यालय सङ्घ सस्था र सार्वजनिक शौचालयहरुमा साबुन पानीले हात धुने सुविधा भएको<br>• घर विद्यालय स्वास्थ्य सस्था कार्यालयहरुमा साबुन पानीले हात धुने महिलाको मासिक धर्म व्यवस्थापन लगायतका व्यक्तिगत सरसफाइ सम्बन्धि ज्ञान र अभ्यास भएको ।<br>• व्यक्तिगत सरसफाइमा ध्यान पुर्याएको । समुदायका सदस्य विद्यालयका विद्यार्थी शिक्षक कर्मचारी होटेल र रेष्टुराका कर्मचारी व्यवस्थापक समेत । | • घर व्यक्ति सङ्घ सस्थाका व्यक्तिहरुको स्वच्छता अवलोकन गर्ने तथा ज्ञान सम्बन्धी सोधपुछ गर्ने ।<br>• साबुन पानी सहितको हातधुने स्थान छ छैन अवलोकन गर्ने । |
| सुरक्षित पानीमा पहुँच तथा प्रयोग | |
| • आधारभूत स्तरको खानेपानीमा सबैको पहुँच भएको ।<br>• खानेपानी प्रणालीबाट सुरक्षित खानेपानी उपलब्ध नभएको अवस्थामा घरायसी विद्यालय सङ्घ सस्थामा पानी सुद्दीकरणका कुनै एक विधिको प्रयोग गरेर मात्र पानी पिउने गरेको ।<br>• घरायसी पानी सुद्दीकरणका आवश्यक सामाग्रीहरु स्थानिय बजारमा उपलब्ध भएको । | • खानेपानीको पहुँच पुगेको छ छैन सोधपुछ गर्ने तथा अवलोकन गर्ने ।<br>• घर सङ्घ सस्था विद्यालयमा घरायसी खानेपानी सुद्दीकरणका विधिहरु उमालेर क्लोरिन फिल्टर सोडिस विधिहरु मध्ये कुनै एक विधि अवलम्बन गरी खानेपानीको प्रयोग गरीएको छ छैन अवलोकन गर्ने । अभ्यासका सम्बन्धमा सोधपुछ गर्ने ।<br>• खानेपानी राख्ने भाँडा सफा छ छैन पानी छोपेर राखेको छ छैन अवलोकन गर्ने । |
| • खाना प्रयोग सम्बन्धी व्यवहार | • |
| • घरको भान्सा होटेल क्यान्टिन तथा रेस्टुरा सफा रहेको र बासि तथा सडेगलेको खाना नखाने नबेच्ने गरेको | •<br>• खाना पकाउने खाने भाँडा सफा छ छैन अवलोकन गर्ने सोध्ने । |

| | |
|---|---|
| • खाना पकाउने र खाने भाँडा सफा हुनुका साथै खानेकुरा र पिउने पानी छोपेर राखेको ।<br>• फलफूल तथा खानेकुराहरु राम्रोसँग सफा गरेर एवम पकाएर तताएर खाने खुवाउने गरेको ।<br>• सुरक्षित खानाको अनुगमनका लागि कार्यदल गठन गरी कम्तीमा चौमासिक रुपमा अनुगमन हुने गरेको । | • खाना सफा छ छैन क्यान्टिन होस्टेलका विद्यार्थी र होटल र रेस्टुराका ग्राहकलाई एवम परिवारका सदस्यलाई सोध्ने ।<br>• होटेल क्यान्टिन रेस्टुरा लगायतको खानाको शुद्दता अवलोकन गर्ने टिम सकृय छ छैन सोध्ने अनुगमन प्रतिवेदन अवलोकन गर्ने । |
| • घर विद्यालय सङ्घ संस्था सरसफाइ | • |
| • घर विद्यालय सङ्घ संस्था भित्र तथा बाहिर सफा रहेको ।<br>• विद्यालय सङ्घ संस्था र सार्वजनिक शौचालयहरुमा महिनावारीमा प्रयोग गरिएका स्यानीटरी प्याड वा अन्य साधनरहरुको सफाइ एवम् विसर्जन गर्ने वैज्ञानिक व्यवस्था भएको ।<br>• घर आँगन एवम् विद्यालय सङ्घ संस्थाबाट निस्कने फोहोरलाई वर्गिकरण गरि कुहिने र नकुहिने फोहोरको समुचित व्यवस्थापन गरर्को । घर एवम विद्यालय सङ्घ संस्थाबाट निस्कने फोहोरपानीको सुरक्षित निस्कासन भएको ।<br>• अस्पताल उद्योग कलकारखानाबाट निस्केको ।<br>• उपयुक्त तरिकाले पशुपङ्क्षीको गोठ तथा खोर र मलमूत्र व्यवस्थापन गर्ने गरेको ।<br>• भान्सा कोठामा हावा ओहोरदोहोर हुने उचित व्यवस्था तथा धुँवा रहित चूल्होको प्रयोग भएको । | • घर विद्यालय एवम् सङ्घ संस्थाको भित्र बाहिर सरसफाइ अवलोकन गर्ने ।<br>• फोहोरको वर्गिकरण एवम् पुन प्रयोग गरेको छ छैन अवलोकन गर्ने ।<br>• घरायसी तहमा भाडा माझ्ने जुठ्यान भाँडा सुकाउने च्याङ्ग कपडा सुकाउने डोरी छ छैन अवलोकन गर्ने ।<br>• घर एवम् विद्यालय सङ्घ संस्थाबाट निस्कने फोहोरपानीको निस्कासन स्थल अवलोकन गर्ने ।<br>• अस्पताल उद्योग कलकारखानाको अवलोकन गर्ने ।<br>• भान्सा कोठा सफा छ छैन धुँवा रहित चूल्हो प्रयोगमा छ छैन सोध्ने र अवलोकन गर्ने ।<br>• गाई वस्तुको गोठ खोर व्यवस्थापन अवलोकन गर्ने । |
| वातावरणीय सरसफाई | |
| • गाउँ टोल एवम् सडक चौतारा आदि सार्वजनिक स्थानहरुमा सफाइका लागि सरसफाइ समिति गठन भएको ।<br>• घरायसी एवम संस्थागत तहमा ठोस तथा तरल फोहोर मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको पक्की वाटरसील चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको । | • ठोस तथा तरल फोहोर व्यवस्थापनको आवश्यकता अनुसार स्थानीय प्रविधि सञ्चालनमा छ छैन अवलोकन गर्ने ।<br>• बजार क्षेत्रमा ठोस् फोहोरमैलाको व्यवस्थापनको लागि योजना तर्जुमा भएको छ छैन सोध्ने र अवलोकन गर्ने ।<br>• ढल प्रणालीको योजना अवलोकन गर्ने ।<br>• बधशाला सफा र स्वच्छ रहेको ।<br>• खानेपानी सरसफाइ र स्वच्छताका सुविधाहरुमा सबैको पहुँच पुगेको छ छैन |

| | |
|---|---|
| • बजार क्षेत्रमा ठोस फोहोरमैलाको व्यवस्थापनको लागि स्यानिटरी ल्याण्डफिल्ड साइटको पहिचान गरी निर्माणको योजना तर्जुमा भएको ।<br>• व्यवस्थित ढल प्रणालीको योजना तर्जुमा भएको ।<br>• बजारमा बधशालाको सरसफाइ र त्यसबाट निस्कने फोहोरको व्यवस्थापनमा जोड । | राम्ररी सञ्चालनमा रहेका छन् छैनन् ।अवलोकन गर्ने सोध्ने ।<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन । सञ्चालनमा छ छैन अवलोकन गर्ने ।<br>• स्यानीटरी ल्याण्डफिल्ड साइटको व्यवस्थित सञ्चालन भएको छ छैन अवलोकन गर्ने ।<br>• नदी नाला पोखरी ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन तथा परीक्षण गर्ने ।<br>• वस्ती टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने । |

२ पूर्ण सरसफाइ उन्मुख क्षेत्र

| सूचकहरु | प्रमाणीकरणका आधारहरु तथा औजार |
|---|---|
| • प्रयोगकर्ता मैत्री गुणस्तरीय चर्पी निर्माण भएको ।<br>• नेपाल गुणस्तर मापदण्ड अनुसारको पिउने पानीमा सबैको पहुँच भएको ।<br>• ग्रामिण तथा छरिएका वस्तीमा मानव मलमूत्रको व्यवस्थापनको हकमा व्यवस्थित सेप्टिक ट्याङ्कीमा जोडिएको पक्की वाटरसिल चर्पी लगायत अन्य उपयुक्त प्रविधिको प्रयोग भएको ।<br>• बजार क्षेत्रमा प्रशोधन सहितकव व्यवस्थित ढल निर्माण भएको ।<br>• ठोस फोहोरमैलाको व्यवस्थापनका लागि आवश्यकता अनुसार स्यानिटरी ल्याण्डफिल्ड साइटको निर्माण गरी सञ्चालनमा रहेको ।<br>• बजार क्षेत्रमा सम्भव भए सम्म फोहोरमैलाको कम उत्पादन पुन प्रयोग र रिसाइकल गर्ने व्यवस्था भएको ।<br>• आकासे पानी सङ्कलन र उपयोग गरेको ।<br>• नदीनाला ताल तलैया पोखरीको पानीको प्राकृतिक गुणस्तर कायम राखेको ।<br>• वस्ती टोल वरपर यथोचित हरियाली र पार्क निर्माण भएको । | • खानेपानी सरसफाइ र स्वच्छताका सुविधाहरुमा सबैको पहुँच पुगेको छ छैन राम्ररी सञ्चालनमा रहेका छन् छैनन अवलोकन गर्ने सोध्ने ।<br>• प्रशोधन सहितको व्यवस्थित ढल निर्माण भएको छ छैन सञ्चालनमा रहेको छ छैन सोध्ने अवलोकन गर्ने ।<br>• स्यानीटरी ल्याण्डफिल्ड साइटको व्यवस्थित सञ्चालन भएको छ छैन अवलोकन गर्ने ।<br>• नदीनाला पोखरी ताल तलैयाको पानीको प्राकृतिक गुणस्तर कायम रहेको छ छैन अवलोकन गर्ने ।<br>• ठोस तथा तरल फोहोरको प्रशोधन पश्चात पुन प्रयोग भएको छ छैन सोध्ने र सोको प्रयोगको अवलोकन गर्ने । |

## अनुसूचि ६

**खानेपानी सरसफाइ र स्वच्छता योजनामा समावेश गर्नु पर्ने न्यूनतम विषयहरु**

१ ) पृष्ठभूभी
२ ) स्थान परिचय
३ ) वर्तमान अवस्था खानेपानी सरसफाइ र स्वच्छता
४ ) लक्ष्य निर्धारण
५ ) कार्य प्रकृया
६ ) अवसर र चूनौतिहरुको विश्लेषण
७ ) कृयाकलापहरु
८ ) कार्ययोजना
९ ) लागत अनुमान
१० ) सरोकारवालाको पहिचान नक्साङ्कन र योगदानको विश्लेषण
११ ) अनुगमन तथा मूल्याङ्कन
१२ ) आवश्यक नक्साहरु

## अनुसूचि ७

**क्षमता विकासका लागि आवश्यक न्यूनतम कृयाकलापहरु**

१ )गाउँपालिका स्तरीय सरसफाइ सम्मेलन र प्रतिबद्दता
२ ) अभिमुखीकरण गोष्ठी गापा स्तरीय
३ ) प्रशिक्षक प्रशिक्षण तालिमहरु गापा स्तरीय
४ ) सञ्चार कर्मीहरुको लागि अभिमुखीकरण
५ ) विद्यालयको नेतृत्वमा पूर्ण सरसफाइको अभियान सञ्चालन गर्ने ।
६ )समुदायको नेतृत्वमा पूर्ण सरसफाइको अभियान सञ्चालन गर्ने ।
७ )खानेपानी तथा सरसफाइका सम्बन्धमा अनुगमनका कृयाकलाप सञ्चालन गर्ने ।
८ )विद्यार्थीहरुलाइ व्यवहारिक ज्ञान दिन नमुना सङ्कलन तथा विश्लेषणको अभ्यास गराउने ।
९ )विद्यार्थीहरुलाई सरसफाइ सम्बन्धी निबन्ध तथा कविता प्रतियोगिताको आयोजना गर्ने ।
१० )पूर्ण सरसफाइ झल्कने चित्रकला प्रतियोगिंताको आयोजना गर्ने ।

## अनुसूचि ८

**जोखिमयुक्त समुदाय पहिचानका आधारहरु**

- उच्च जोखिमयुक्त तपशिलमा उल्लेखित ७ सूचकहरु मध्ये घटीमा ४ सूचक
- मध्य जोखिमयुक्त तपशिलमा उल्लेखित ७ सूचकहरु मध्ये घटीमा २ सूचक
- न्यूनजोखिमयुक्त तपशिलमा उल्लेखित ७ सूचकहरु मध्ये घटीमा १ सूचक

**सूचकहरु**

१ ५० प्रतिशत भन्दा बढी बालबालिकाहरुमा जुकाको समस्या भएको ।

२ महामारी अथवा बेलाबेलामा फैलने हैजा टाइफाइड हेपाटाइटिस लूतो दादको समस्या भएको ।

३ असुरक्षित नढाकिएको पानीको श्रोत इनार कुवा धारा आदि नजिक खुला दिसा पिसाब गर्ने गरेको ।

४ समुदायको १०० मिटर वरिपरि खुल्ला दिसा पिसाब गर्ने गरेको ।

५ खुल्ला ढल फोहोर मैलाको थुप्रो आदिमा दिसा हुने गरेको ।

६ बालकुपोषणको अवस्था राष्ट्रिय औसत भन्दा बढी हुने समुदायहरु ।

७ जनसंख्याको ८० प्रतिशत भन्दा कम जनतामा हात धुने चलन नभएको
खाना खानु अघि र दिसा गरिसकेपछि ।

## समाप्त

प्रमाणित

२०७६/०८/१३